**जातीय समानताको प्रवर्द्धनबारे**

**अवस्थित र योजनाबद्ध उपायहरू**

**वातावरणीय संरक्षण विभाग**

वातावरणीय संरक्षण विभाग (EPD) वातावरणीय कानूनको कार्यान्वयन, फोहोरमैलो प्रशोधन व्यवस्थापन सुविधाहरूको सञ्चालनको व्यवस्थापन, साथसाथै वातावरणीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न समुदाय र शैक्षिक गतिविधिहरूको संगठन आदि लगायत विभिन्न वातावरणीय नीतिहरू कार्यान्वयन गराउनका लागि जिम्मेवार छ। EPD ले जातीय पृष्ठभूमिलाई ध्यान नदिई सर्वसाधारणका सबै सदस्यहरूद्वारा हाम्रा सेवाहरूमा समान पहुँचको सुविधालाई ठूलो महत्त्व दिन्छ।

सम्बन्धित सेवाहरू

- **वातावरणीय अनुपालन**

  EPD ले यसको चार क्षेत्रीय कार्यालय र वातावरणीय अनुपालन डिभिजन अन्तर्गत क्षेत्रीय नियन्त्रण कार्यालयमार्फत प्रदूषण नियन्त्रण अध्यादेशहरू लागू गर्दछ। कार्यालयहरूले निरीक्षण, इजाजतपत्र र उजुरीहरूको जवाफ पनि दिन्छ।

- **फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापन**

  EPD ले विभिन्न प्रकारका फोहोरहरू सङ्कलन, स्थानान्तरण,

प्रशोधन र व्यवस्थित गर्ने सुविधाहरूको व्यवस्थापन गर्दछ। सार्वजनिक सदस्यहरूलाई फोहोरमैला रिसाइकलिङ र प्रशोधन प्रक्रियाहरूको राम्रो बुझाइ प्राप्त गर्न अनुमति दिन, केही फोहोर प्रशोधन सुविधाहरूमा निर्देशित भ्रमणहरू उपलब्ध छन्। यसका साथै, सामुदायिक सहभागितालाई बढावा दिन, फोहोरमैला न्यूनीकरण वेबसाइटले हङकङमा फोहोर उत्पादन, न्यूनीकरण, रिसाइकलिङ र व्यवस्थापनबारे पनि जानकारी उपलब्ध गराउँदछ।

- **ग्राहक सेवा केन्द्र (CSC)**

  CSC ले 28383111 हटलाइनमार्फत प्रदुषणसम्बन्धी उजुरी दर्ता, सोधपूछ सेवाहरू, व्यवसायी समुदायका लागि हेल्पडेस्क सेवा र EPD का सेवाहरूमा नवीनतम समाचारहरूसहित सेवाहरूको विस्तृत श्रृङ्खला प्रदान गर्दछ।

| | |
|---|---|
| अवस्थित उपायहरू | • EPD ले सान्दर्भिक कानूनहरू बुझ्न र तिनका अधिकारहरू जान्न सक्ने सुनिश्चित गर्न वातावरणीय अपराधहरूको सम्बन्धमा बयान दिन विभिन्न जातजातिका मानिसहरूका लागि सेन्टर फर हार्मनी एन्ड एन्हान्समेन्ट अफ एथनिक माइनोरिटी रेसिडेन्ट्स |

(CHEER) द्वारा प्रदान गरिएको दोभाषे समर्थन सेवाहरू खोज्ने छ।

- फोहोरमैला सुविधाहरूको आगन्तुक केन्द्रहरूले क्यान्टोनिज, प्युन्टोगुवा र अङ्ग्रेजी भाषामा निर्देशित भ्रमणहरू उपलब्ध गराउँछ। विभिन्न जातजातिकाका मानिसहरूबाट अनुरोधहरू प्राप्त भएमा, हामी आवश्यक सहयोग उपलब्ध गराउन उपयुक्त रूपमा थप उपायहरू राख्नेबारे विचार गर्ने छौं।

- विभिन्न जातजातिका मानिसहरूलाई "सफा रिसाइकलिङ" का बारेमा मुख्य सन्देशहरूलाई बुझ्नमा सहज बनाउन, प्रवर्द्धनका सामग्रीहरू द्विभाषी छन् र पोस्टरहरू चार वटा भाषामा छन् (जस्तै चिनियाँ, अङ्ग्रेजी, फिलिपिनो र इन्डोनेसियाली)।

- विभिन्न जातजातिका चिनियाँ/अङ्ग्रेजी भाषा नबोल्ने मानिसहरूको कल ह्याण्डल गर्दा, CSC ले स्थापित प्रक्रियाहरूकानुसार CHEER द्वारा उपलब्ध गराइएको दोभाषे समर्थन सेवा खोज्ने छ।

| | |
|---|---|
| भावी कार्यको मूल्याङ्कन | • हामी विभिन्न जातजातिका मानिसहरूका आवश्यकताहरूलाई पूरा गर्ने दृष्टिले समय-समयमा सेवाहरूको समीक्षा गर्न जारी राख्ने छौं। |
| अपनाएको / अपनाउनु पर्ने अतिरिक्त उपायहरू | • जातीय भेदभाव अध्यादेश र सम्बन्धित मार्गनिर्देशनहरूका बारेमा तालिम/संक्षेप कर्मचारीहरूलाई जातीय समानताको चेतना र संवेदनशीलता बढाउनका लागि व्यवस्था गरिँदैछ। |

*जातीय समानताको प्रवर्द्धनबारे अवस्थित र योजनाबद्ध उपायहरूसँग सम्बन्धित सोधपूछका लागि, कृपया श्रीमान् Terence Tsoi, वरिष्ठ विकास अधिकारी (कर्पोरेट मामिला) लाई निम्न च्यानलहरूको माध्यमबाट सम्पर्क गर्नुहोस् -*


टेलिफोन नं : 2835 1583

फ्याक्स नं : 2834 8845

इमेल : lctsoi@epd.gov.hk

हुलाकी ठेगाना : 25/F., Southorn Centre, 130 Hennessy Road, Wan Chai, Hong Kong


**वातावरणीय संरक्षण विभाग**

**जुन 2024**